तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.:

मितिमिति २०८३/०३/३० गते

(सहकारी तथा रोजगार प्रबर्द्धन शाखा)

## तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका सम्पुर्ण सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सुचना

बिभिन्न सहकारी संस्थाहरुको हालको अवस्थालाई मध्य नजर गर्दै तुलसीपुर उपमहानगरपालिका अन्तर्गत कार्यक्षेत्र रहेको सम्पुर्ण सहकारी संस्थाहरुलाई सु–सुचित गर्न अत्यन्त आवश्यकता महशुस भएकोले यस कार्यालयको मिति २०८३/०३/३०को निर्णय अनुसार सम्पुर्णमा जानकारी तथा कार्यान्विनका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सहकारी विभागद्वारा मिति २०८१/०३/१९ गते प्रकाशित सुचना अनुसार एकै प्रकृतीका सहकारीमा दोहोरो सदस्यता खारेज गर्ने तर्फ आवश्यक कार्य गर्ने ।

२. सहकारी विभागद्वारा मिति २०८१/०३/१९ गते तथा २०८३/०२/०८ गते प्रकाशित सुचना अनुसार सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPoMIS) मा अनिवार्य आवद्ध तथा अद्यावधिक हुनु पर्ने ।

३. सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPoMIS) मा User ID र Password प्राप्त गरि नसकेका तुलसीपुर उपमहानगरपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुले तुलसीपुर उपमहानगरपालिका, सहकारी तथा रोजगार प्रबर्द्धन शाखामा सम्पर्क गर्ने

४. सम्पूर्ण सहकारी संस्थाहरुले आफनो सहकारी संस्थाको समष्टिगत विवरण अनिवार्य रुपमा प्रविष्टी (ईन्ट्रि) गरि सके पछि प्रणालीमा स्वतः सृजना हुने दाखिला नं. (Submission no.) प्राप्त गरी कार्यालयमा पेश गर्ने ।

५. सहकारी विभागको मिति २०८२/०८/२२ गते प्रकाशित सुचना अनुसार कुनै एक व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने व्यवस्था कार्यान्विन गर्ने ।

६. राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा मिति २०८२/१२/०५ गते र २०८३/०२/०७ गते प्रकाशित सुचना अनुसार कुल कारोबारको ५०% भन्दा बढि बचत तथा ऋणको कारोबार गर्ने वा २५ करोड भन्दा बढि वित्तिय कारोबार भएका सम्पुर्ण सहकारी संस्थाहरुलाई सञ्चालन ईजाजत यहि २०८३ आषाढ मसान्त सम्म लिई सक्नु पर्ने।

७. सहकारी संस्थामा विनियमा स्वीकृत उद्देश्य अनुरुप मात्र कार्य गर्नु पर्नेछ ।

८. तुलसीपुर उपमहानगरपालिका को आर्थिक ऐनमा उल्लेख भए अनुसार शुल्क बुझाई अनिवार्य संस्था नविकरण गर्ने ।

वरिष्ठ प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं.:

मितिमिति २०८३/०३/३० गते

(सहकारी तथा रोजगार प्रवर्द्धन शाखा)

९. सहकारी ऐनको दफा १० अनुसार संघ तथा प्रदेश अन्तर्गत कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुले तुलसीपुर उपमहानगरपालिकामा सेवा सञ्चालन गर्दा स्थानीय तहले तोकेको विषय वा शर्त स्वीकार गरेको पत्र पेश गर्नु पर्ने ।

१०. सहकारी ऐन र नियमावली अनुसार विनियम,नीति नियमावली र आन्तरिक कार्यविधीमा संशोधन गर्न बांकि रहेका सहकारी संस्थाहरुलाई अनिवार्य संशोधन गर्नु पर्ने ।

११. सहकारी ऐनको दफा २८ अनुसार आ.व. समाप्त भएको ३ महिना भित्र साधारण सभा सम्पन्न गर्नु पर्ने ।

१२. सहकारी ऐनको दफा ४७ अनुसार खुद बचतको २५% रकम जगेडा कोषमा, दफा ४८ अनुसार जगेडा कोषमा छुट्टाई बाँकि रहेको रकममा २५% रकम संरक्षित पुँजी फिर्ता कोषमा, दफा ४९ अनुसार जगेडा कोषमा छुट्टाई बाँकि रहेको रकममा ०.५% सहकारी प्रवर्द्धन कोष र दफा ५० अनुसार बाँकि रकम विनियममा उल्लेख भए अनुसारका कोषहरुमा रकम वितरण गर्नु पर्ने ।

१३. सहकारी ऐनको दफा ५२ (१) अनुसार मासिक, वार्षिक तथा अन्य विवरणहरु तुलसीपुर उपमहानगरपालिकामा पेश गर्ने ।

१४. सहकारी ऐनको दफा ५४ (१) अनुसार लेखा परिक्षण प्रतिवेदन तुलसीपुर उपमहानगरपालिकामा पेश गर्ने ।

१५. सहकारी ऐनको दफा ६६ (३) अनुसार हुने दर्ता खारेजि हुनबाट बचन आवश्यक सम्पुर्ण प्रक्रिया पुरा गर्नु पर्ने ।

२०८३/३/३०

वरिष्ठ प्रशासकीय अधिकृत